आज मिति २०७८।०३।२८ गते सोमबारका दिन बैतेश्वर गाउँपालिकाको नवौ गाउँसभा गाँउसभाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा वैतेश्वर गाउँपालिकाको कार्यालय, पाँड्डाँडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.न | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | छवि लामा | गाउँसभा, अध्यक्ष | |
| २ | रविचन्द्र आचार्य | गाउँसभा, उपाध्यक्ष | |
| ३ | बृर्ष बहादुर तामाङ | गाउँसभा, सदस्य | |
| ४ | श्याम कुमार तमाङ घिसिङ | गाउँसभा, सदस्य | |
| ५ | कृष्ण बहादुर दहाल | गाउँसभा, सदस्य | |
| ६ | कुमार चौलागाई | गाउँसभा, सदस्य | |
| ७ | माधव बहादुर वस्नेत | गाउँसभा, सदस्य | |
| ८ | शम्शेर घिसिङ | गाउँसभा, सदस्य | |
| ९ | रेशम राजस्वराज रिमाल | गाउँसभा, सदस्य | |
| १० | रमेश कुमार अधिकारी | गाउँसभा, सदस्य | |
| ११ | भक्तमाया गिरी | गाउँसभा, सदस्य | |
| १२ | ठुलीकान्छी विश्वकर्मा | गाउँसभा, सदस्य | |
| १३ | चरित्र कुमार लामा | गाउँसभा, सदस्य | |
| १४ | राजेन्द्र योञ्जन | गाउँसभा, सदस्य | |

छवि लामा
अध्यक्ष

| सि.न | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | चेसम तमाङ | गाउँसभा, सदस्य | |
| १६ | देवी परियार | गाउँसभा, सदस्य | देवी |
| १७ | निल नाथ घिमिरे | गाउँसभा, सदस्य | |
| १८ | बल बहादुर तामाङ | गाउँसभा, सदस्य | |
| १९ | शान्ति तमाङ | गाउँसभा, सदस्य | |
| २० | मखमली नेपाली | गाउँसभा, सदस्य | |
| २१ | कमल अधिकारी | गाउँसभा, सदस्य | |
| २२ | मणिक कुमार तमाङ | गाउँसभा, सदस्य | |
| २३ | कमल कुमारी कार्की | गाउँसभा, सदस्य | |
| २४ | विन्दा नेपाली | गाउँसभा, सदस्य | |
| २५ | रामकुमार दहाल | गाउँसभा, सदस्य | |
| २६ | शिव प्रसाद दहाल | गाउँसभा, सदस्य | |
| २७ | कृष्णमाया दहाल | गाउँसभा, सदस्य | |
| २८ | सीता मिजार | गाउँसभा, सदस्य | sita |
| २९ | दिप बहादुर दहाल | गाउँसभा, सदस्य | |
| ३० | येम बहादुर घिमिरे खत्री | गाउँसभा, सदस्य | |
| ३१ | मान कुमारी रिमाल | गाउँसभा, सदस्य | |

छवि लामा
अध्यक्ष

| सि.न | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३२ | शर्मिला नेपाली | गाउँसभा, सदस्य | |
| ३३ | कुमार तामाङ | गाउँसभा, सदस्य | |
| ३४ | नारायण भुजेल | गाउँसभा, सदस्य | |
| ३५ | सारादा खड्का | गाउँसभा, सदस्य | |
| ३६ | सीता सार्की | गाउँसभा, सदस्य | |
| ३७ | रामकृष्ण श्रेष्ठ | गाउँसभा, सदस्य | |
| ३८ | शंखरंबहादुर तामाङ | गाउँसभा, सदस्य | |
| ३९ | लाटीकान्छी वस्नेत कार्की | गाउँसभा, सदस्य | |
| ४० | रुद्र माया दास | गाउँसभा, सदस्य | |
| ४१ | डिल्लीराज श्रेष्ठ | गाउँसभा, सदस्य | |
| ४२ | देवराज खत्री | गाउँसभा, सदस्य | |
| ४३ | ढाल बहादुर जिरेल | गाउँसभा, सदस्य | |
| ४४ | राजन नेपाली | गाउँसभा, सदस्य | |
| ४५ | गणेश राम पोखरेल | गाउँसभा, सचिव (प्रमुख प्रशासकिय अधिकृत) | |

निर्णय नं. १: कैलश्वर गाउँपालिकाको आ.व. २०७७/०७८ को हालसम्मको आम्दानी तथा आम्दानीबाट भएका खर्चहरु आजको सभामा छलफल गरी खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २: आर्थिक वर्ष २०७७/०७८ मा गाउँ कार्यपालिकाको निर्णयहरु बाट कार्यान्वयन भएका सम्पुर्ण कार्यहरु आजको गाउँसभाबाट छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: कैलश्वर गाउँपालिकाको आ.व. २०७८/०७९ को विनियोजन विधयेक स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ④ : बैतेश्वर गाउँपालिकाका उपाध्यक्ष राकेशचन्द्र आचार्यज्यूबाट प्रस्तुत गरिएको न्यायिक समितिको प्रतिवेदन स्विकृत गरियो ।

निर्णय नं. ⑤ : बैतेश्वर गाउँपालिकाका नागरिकहरु तथा बैतेश्वर अस्पतालमा भर्ना भई उपचार गराइरहेका बिरामीहरु बाहेक अन्य नागरिकहरुको हकमा प्रति एन्टिजेन टेस्ट गाउँपालिकाको अस्पताललाई रु. एक हजार (१०००।-) रुपैया शुल्क लिन निर्देशन दिने निर्णय गरियो ।

छवि लामा
अध्यक्ष

# वैतेश्वर गाँउपालिका

## पाँडुडाडा,दोलखा

## नवौं गाउँसभा २०७८ असार १० गते

## न्यायिक समितिद्वारा पेश गरिएको प्रतिवेदन

आदरणिय यस नवौं गाउँसभाको अध्यक्षता गरि रहनु भएका **अध्यक्ष** ज्यू ,सम्मानित गाउँसभाका सम्पूर्ण **गाउँसभा सदस्यज्यूहरु**, **प्रमुख प्रशासकिय अधिकृत** ज्यू र **सम्पूर्ण कर्मचारी, पत्रकार** तथा उपस्थित अन्य महानुभावहरु ।

यस न्यायिक समितिद्वारा यसै आ.व.२०७७/०७८ मा भएगरेको कार्यप्रगती तथा सम्पन्न भएका गतिविधिहरु, यस आ.व. मा सम्पन्न गरिएका कार्यक्रमहरु, विवाद दर्ता तथा समाधानको अवस्था,उपलब्धि तथा चुनौती लगायतका कुराहरुलाई समेटेर यो प्रतिवेदन स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३ को उपदफा २ बमोजिम प्रस्तुत गरेको छु ।

नेपालको बर्तमान संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्ने प्रत्येक गाँउपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ भन्ने व्यवस्था छ । त्यसैगरी स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ दफा ४७ देखी ५३ सम्ममा न्यायिक समितिको विवाद निरुपणका लागी न्याय सम्पादन प्रक्रिया सम्बन्धमा उल्लेख छ । यसरी माथि उल्लेखित नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन,२०७४ ले तोकिए बमोजीम यस वैतेश्वर गाँऊपालिकामा उपाध्यक्ष श्री रविचन्द्र आचार्यको संयोजकत्वमा श्री शम्सेर घिसिङ र श्री मानकुमारी रिमाल सदस्य रहेको तीन सदस्यीय न्यायीक समितिको गठन भएको छ । यस गाउँपालिकामा न्यायीक समिति गठन भएदेखि नै कानुनले तोकेको क्षेत्राधिकार र प्रक्रिया भित्र रहेर न्यायीक समितिले विभिन्न विषयमा न्याय निरुपण गर्दै आईरहेको छ । सो सम्बन्धमा यस गाउँपालिकामा न्यायिक समितिले हालसम्म गरेको विभिन्न गतिविधि तथा न्याय निरुपणका विषयहरु देहाय बमोजिम रहेका छन् ।

### १. न्यायिक समितिवाट हालसम्म भएका मुख्य मुख्य कार्यहरु

- सबै वडा मेलमिलापकेन्द्रमा मेलमिलापकर्ता अध्यावधिकको कार्य गरी ३३ जना लाई अध्यावधिक गरीएको छ ।
- न्यायिक कार्यविधी ऐन निर्माण गरि कार्यसञ्चालन प्रक्रियाको वारेमा व्यवस्थित गर्दै मेलमिलाप प्रक्रियालाई चुस्त पारिएको छ ।
- यस आ. व. को हालसम्ममा ३० विवादको दर्ता तथा समाधान प्रक्रियामा काम गरिएको छ ।
- समाधान भएका विवादहरु छलफलको माध्यमवाट मिलापत्र गराईएको छ ।
- लैंगिक हिंसा सम्बन्धि अभिमुखीकरण तालिम तथा १६ दिने अभियान कार्यक्रम सञ्चालन गरीएको छ ।
- निर्यमित बैठक भएको छ । न्यायिक समितिको निर्णय सर्वसम्मत हुने गरेको
- न्यायिक कार्य सम्पादनका लागि इजलास कक्ष निर्माण गरिएको ।
- ८ वटै वडाहरुमा रहेका सूचीकृत सामुदायिक मेलमिलाप कर्ताहरुलाइ परिचयपत्र वितरण गरिएको ।
- न्यायिक समितिले वार्षिक प्रतिवेदन बनाई गाउँसभामा पेश गरि छलफल हुने गरेको ।
- ८ वटै वडाहरुमा मेलमिलाप केन्द्र गठन भई कार्य संचालन हुदै आएको,
- सामाजिक कुरीति-छुवाछुत, अन्धविश्वास,लैंगिक विभेद र हिंसाका घटनाहरुसँग सम्बन्धित उजुरीहरुमा कमि आई सामाजिक सहिष्णुता तर्फ समाज रुपान्तरण हुदै गएको ।

**छवि लामा**
**अध्यक्ष**

२. न्यायिक समितिमा दर्ता तथा समाधान भएका विवाद सम्बन्धी विवरण

गत आर्थिक (०७७/०७८) वर्षसम्ममा भएका निवेदन संख्या = १४४

**हाल सम्मको विवाद समाधान विवरण यस प्रकार छ।**

| | |
|---|---|
| आ .व. २०७४/०७५ | ४४ वटा (समाधान ३२,डिसमिस १२ ) |
| आ .व. २०७५/०७६ | ३४ वटा (समाधान २९,, दायित्व सरेको ५ ) |
| आ .व. २०७६/०७७ | ३६ वटा , (समाधान २९,, दायित्व सरेको ७ ) |
| आ .व. २०७७/०७८ | ३० वटा (समाधान १७, दायित्व सरेको १३ ) |
| जम्मा विवाद | १४४ वटा |
| हाल सम्मको विवरण | **समाधान १०७ प्रकृयामा रहेका २५** |

## ३. उपलब्धी

- छिटो छरितो न्याय प्राप्तिको अनुभुति सेवाग्राहिले पाएको ।
- सहमतिय विधीबाट मात्र विवाद समाधानमा सफलता ।
- नि-शुल्क र सर्वसुलभ महशुस ।
- जितजितको अनुभुति
- विवाद समाधान पछिको अनुगमनवाट पुर्ण कार्यान्वयनको अवस्था ।
- सरोकारवाला र सेवाग्राहि संगको बैठकवाट विश्वासमा अभिवृद्धि , यस आ. व. मा ३० विवाद दर्ता
- समयको बचत ।

## ४.न्यायिक समितिको बैठक तथा संख्या

न्यायिक समितिले आवश्यकता अनुसार बैठक बस्ने गरेको छ र आवश्यक बमोजिमको ईजलास राख्ने गरिएको छ। यस आ.व. २०७७/७८ मा ३१ बैठक बसि आवश्यक निर्णयहरु गरिएको छ।

## ५.लक डाउनको अवधिमा प्रदान गरिएको सेवा सम्बन्धमा

कोरोना भाइरस कोभिड १९, को कारणबाट सबै सेवाहरु बन्द भएको अवस्थामा पनी न्यायिक समितिमा विवादहरु दर्ता गरी प्रकृया अघि बढाइएको छ । यस्तो विषम परिस्थीतीमा पनी महिला हिंसा र ज्याला मजुरी सम्बन्धि विवादलाई प्रमुख प्राथमिकताकासाथ समय दिईएको छ ।

## ६. न्यायिक समितिद्वारा यस आ. व. २०७७/०७८ मा सम्पन्न गरीएका गतिविधिहरु

- न्यायिक समिति र मेलमिलापकर्ता विचमा समन्वय र समिक्षा बैठक सञ्चालन गरीएको ।

छवि लामा

- ➢ गाँउस्तरिय मेलमिलाप समितिको नियमित वैठक संचालन भएको तथा उक्त समितिको लागी कार्यालय फर्निचर व्यबस्था गरीएको ।
- ➢ लैंगिक हिंसा सचेतना कार्यक्रम र नारी दिवस कार्यक्रममा सम्पन्न भएको जसमा महिलाहरुलाई सचेतीकरण गरीएको।
- ➢ वडा मेलमिलाप केन्द्रको मासिक नियमित वैठक गरीएको ।
- ➢ सवै वडाहरुमा सामुदायिक मेल मिलाप केन्द्रको कार्यक्रम सञ्चालन भएको तथा सुचिकृत मेलमिलापकर्ताहरुलाई भोला वितरण गरीएको ।

## ७. न्यायिक समितिका चुनौतिहरु :

- ▪ म्याद तामेल गर्ने कर्मचारीको छुट्टै व्यबस्था नभएकोले सुरक्षा गार्डको प्रयोग गर्नु परेको ।
- ▪ पक्षहरुलाई उपस्थित गराउने प्रक्रियामा समस्या देखीने गरेको ।
- ▪ आवश्यक कर्मचारीको अभाव रहेको ।
- ▪ मेलमिलापकर्ताहरुमा कानूनी ज्ञानको अभिवृद्धि साथै पुनर्ताजगी गर्नुपर्ने ।

## ८. सिकाई

- ❖ सहजिकरणद्धारा विवाद समाधान ।
- ❖ पक्षहरुसंगको अलग अलग भेटघाट तथा छलफलवाट विवाद अध्ययनमा सहजिकरण
- ❖ पक्षहरुको हकदैया,क्षेत्राधिकार,र हदम्यादको वारेमा प्रष्टता ।
- ❖ व्यवहार र नैतिकता सँगै प्राकृतिक न्यायको सिद्धान्तको आत्मसाथ गर्नुपर्ने ।
- ❖ शिष्ट र सभ्य व्यबहारको प्रयोगवाट विवाद समाधानमा सहजता ।
- ❖ मेलमिलापको सिपवाट छलफल गर्दा विवाद समाधानमा सहजता ।
- ❖ लक डाउनको कारणबाट कार्यालय बन्द भएको अवस्थामा समेत न्यायिक समिति सेबा प्रदान गरीएको र सो कार्यबाट सेवाग्राहीहरु सन्तुष्ट रहेको पाइयो ।
- ❖ सेवाग्राहीसँगको अन्तरक्रिया कार्यक्रमबाट सकारात्मक सन्देशको प्रवाह ।

## ९.न्यायिक समितिको २०७८/०७९ को प्रस्तावित कार्यक्रम

- न्यायिक समिति र मेलमिलापकर्ता विचको समिक्षा र समन्वय वैठक
- वडा मेलमिलाप केन्द्रको वैठक खाजा
- मेलमिलापकर्ताहरुका लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम
- न्याय सम्पादन प्रकृया र मेलमिलाप सम्बन्धि प्रशिक्षण कार्यक्रम
- स्थानिय ऐन कानून कार्यविधी सम्वन्धि वडा स्तरीय तालीम कार्यक्रम
- मेलमिलापकर्ताको मासिक संचार तथा यातायात खर्च

लामा
अध्यक्ष

यस प्रतिवेदनलाई पास गरी नवौं ~~नगर~~ गाउँसभावाट अनुमोदन गरीदीनुहुन सम्मानित कार्यपालिका समक्ष पेश गर्दछु । साथै यस बर्ष सुचिकृत २६ जना निम्नअनुसारका मेलमिलापकर्ताहरुको सुचि सम्मानित गाउँसभावाट अनुमोदनको लागी अनुरोध गर्दछु ।

**यस आ.व २०७८।७९ का लागि सुचिकृत मेलमिलापकर्ताहरुको विवरण**

| क्र.सं. | विवादको विषय | ठेगाना |
|---|---|---|
| १ | ल्वाङ माया तमाङ | वैतेश्वर १ गैरिमुदि |
| २ | संजिव तमाङ | वैतेश्वर १ गैरिमुदि |
| ३ | जीत बहादुर तामाङ | वैतेश्वर २ पुतलीकाठ |
| ४ | योगेश घिसिङ | वैतेश्वर २ पुतलीकाठ |
| ५ | प्रमिला घिसिङ | वैतेश्वर २ पुतलीकाठ |
| ६ | पवन प्रसाद दहाल | वैतेश्वर ३ मिर्गे |
| ७ | यम बहादुर तमाङ | वैतेश्वर ३ मिर्गे |
| ८ | लक्ष्मी कार्कि | वैतेश्वर ३ मिर्गे |
| ९ | संम्झना अधिकारी | वैतेश्वर ४ कावे्र |
| १० | नारायण प्रसाद दहाल | वैतेश्वर ४ कावे्र |
| ११ | हरि बहादुर दर्जि | वैतेश्वर ४ कावे्र |
| १२ | ढाल बहादुर वस्नेत | वैतेश्वर ४ कावे्र |
| १३ | ईश्वरी दहाल | वैतेश्वर ४ कावे्र |
| १४ | राधिका कार्की | वैतेश्वर ५ मैनापोखरी |
| १५ | नर बहादुर नेपाली | वैतेश्वर ५ मैनापोखरी |
| १६ | सिता सुनेल | वैतेश्वर ६ नाम्दु |
| १७ | गोमा दहाल | वैतेश्वर ६ नाम्दु |
| १८ | केदार प्रसाद घिमिरे | वैतेश्वर ६ नाम्दु |
| १९ | लक्ष्मी घिमिरे | वैतेश्वर ६ नाम्दु |
| २० | कृष्ण बहादुर खड्का | वैतेश्वर ७ मार्वृ |
| २१ | माधव खडका | वैतेश्वर ७ मार्वृ |
| २२ | ईश्वर ढुङगेल | वैतेश्वर ७ मार्वृ |
| २३ | राजेन्द्र श्रेष्ठ | वैतेश्वर ८ क्षेत्रपा |
| २४ | कृष्ण बहादुर अधिकारी | वैतेश्वर ८ क्षेत्रपा |
| २५ | चक्र बहादुर अधिकारी | वैतेश्वर ८ क्षेत्रपा |
| २६ | गोमा रिमाल | वैतेश्वर-५, मैनापोखरी |

**रविचन्द्र आचार्य**
**संयोजक**
**न्यायिक समिति**
**वैतेश्वर गाउँपालिका**

छवि लामा
अध्यक्ष